महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडावाड, दैलेख
कर्णाली प्रदेश, नेपाल

mahabumun.gov.np
info@mahabumun.gov.np

प.स. - २०८१/०८२
च.नं.

मिति:२०८१।१२।१३

## अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण गर्नका लागि आवेदन आह्वान सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयले प्रकाशन गरेको सूचना बमोजिम अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१ को दफा ९ बमोजिम अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण गर्न चाहने व्यक्ति, संस्था तथा समुदायले देहायका कागजात तथा प्रमाण संलग्न राखि मिति २०८१ बैशाख १५ गते भित्र यस महाबु गाउँपालिकाको कार्यालमा तोकिएका कागजात सहित आवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीको लाग यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक कागजात तथा प्रमाणहरु**

क) कार्यविधि अनुसूची १ बमोजिमको ढाँचामा आवेदन,

ख) अनुसूची २ बमोजिम सम्पदाको विवरण सूची,

ग) अनुसूची ४ बमोजिमको ढाँचामा सम्बन्धीत व्यक्ति, समुह वा समुदायको सहमति,

घ) अनुसूची ३ बमोजिमको फोटो, अडियो तथा भिडियो,

ङ) हाल सम्मको पुस्तान्तरण सम्बन्धी आवश्यक विवरण

**सूचीकरण हुने अभौतिक सांस्कृतिक सम्पदाका विधाहरु**

१. अभौतिक सांस्कृतिक सम्पदाको सेवाहरुको रुपमा भाषा साहित्यका मौखिक परम्परा तथा अभिव्यक्ति

२. अभिनय कला,

३. सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्वका उत्सव्

४. प्रकृति र ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहार,

५. परम्परागत कला कौशलता,

६. परम्परागत खाद्य परिकार,

७. परम्परागत खेलकुद

..............................

(डा. सन्तोष भण्डारी)

नि.प्रमुख प्रशासकीय अधिकृत